आज मिति २०८२ साल असार महिनाको ६ गतेका बिहानको ७:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१ ८२ को पन्ध्रौ बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
| --- | --- | --- |
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | ध्रुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | विकास के.सी. | प्रमुख प्रशासकीय अधिकृत |
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | अरविन्द महत | सहायक लेखा अधिकृत |
| | दामोदर उपाध्या | का.स. |
| | मोहन बि.सी. | शिक्षा अधिकृत |
| | श्याम लाल पोखेल | प्र. प्रशासकीय अधिकृत |

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**
**निर्णय नं १**
प्रस्ताव नं. १ माथि छलफल गर्दा भिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/३/१ गते बसेको चौधौं बैठकबाट आ.व. २०८२/८३ को लागि बडा समितिबाट असार ५ गतेभित्र योजना छनोट गरी पठाउने निर्णय अनुसार वडा समितिबाट योजना कार्यक्रमहरु छनोट गरी पठाउने काम जारी रहेको, मिति २०८२/३/७ र १० गते बस्ने भनी गाउँसभा बैठकको मिति तय गएिकोमा सभाको तयारी जारी रहेको, गोर्खा वेल्फर ट्रष्टबाट सञ्चालित खानेपानी योजनाहरुको जनश्रमको ५० प्रतिशत गा.पा.ले वेहोर्ने गरी रकमको सुनिश्चितता गरिएकोमा सम्झौताको कार्य अगाडि वढेको,४५ बर्ष उमेरपुगेका एकल महिलाहरुको भत्ताको लागि स्रोतको सुनिश्चित गरिएकोमा भत्ता भुक्तानीको कार्य प्रक्रियामा रहेको, नरेन्द्र गायत्री आँखा अस्पतालको अपुग रकम निकासाको लागि स्रोतको सुनिश्चित गरिएकोमा भुक्तानीको प्रक्रिया अगाडि वढेको,विभिन्न योजना तथा कार्यक्रममा रकम रकमान्तर गरिएको हुँदा उक्त रकमबाट योजना तथा कार्यक्रमको काम अगाडि वढेको, गाउँपालिकाको लोगो डिजाईनकर्तालाई सम्मान गर्ने निर्णय भएकोमा आजकै बैठकमा सम्मान गर्ने कार्यक्रम रहेको, NWASH MIS मा तथ्याङ्क अध्यावधिक गर्ने निर्णय गरिएकोमा विभिन्न खानेपानी आयोजनाहरुको अध्यावधिक गर्ने कार्य अगाडि वढेको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ नीति तथा कार्यक्रम, आर्थिक विधेयक-२०८२ विनियोजन विधेयक- २०८२ वजेट तथा कार्यक्रम र आय व्यय रकम (बजेट),सम्वन्धमा ।**
**निर्णय नं २**
प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०८२ साल असार ७ गते र १० गते दिनको २:०० वजेदेखि सञ्चालन हुने १८ औं गाउँसभामा आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक, २०८२ विनियोजन विधेयक, २०८२ र वजेट तथा कार्यक्रम तर्जुमा समितिले आ.व.२०८२/८३ को लागि पेस गरेको कूलजम्मा रु **६३,००,००,०००। अक्षेरुपी त्रिसठ्ठी करोड रुपैंया बरावरको आय व्यय रकम (बजेट)**, कार्यपालिका वैठकबाट स्वीकृत गरी पारितको लागि गाउँसभामा पेश गर्ने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ गाउँ सभाका समितिहरुको नामावली सम्बन्धमा ।**
**निर्णय नं. ३**
प्रस्ताव नं ३ माथि व्यापक छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायतका आवश्यकता अनुसारका अन्य समिति र विशेष समिति गठन गर्न सक्ने छ भनी कानुनमा नै स्पष्ट व्यवस्था गरेको हुँदा भिमरुक गाउँ सभाबाट सभाका समिति गठन तथा कार्य सञ्चालन नियमावलीको प्रारम्भिक मस्यौदा,२०८२ पारित गरी उल्लिखित समितिहरुलाई पूर्णता दिन तपसिल वमोजिमका गाउँ सभाका सदस्यहरुलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| लेखासमिति | विधायन समिति, | सुशासन समिति |
|---|---|---|
| १.शंकर पोखेल-संयोजक | तुल बहादुर पछाई-संयोजक | हेमराज भट्टराई-संयोजक |
| २.बेगम पोखेल - सदस्य | मित्रु गिरी- सदस्य | मधु खड्का- सदस्य |
| ३.जबुना वि.क. | खिम कुमारी श्रेष्ठ- सदस्य | यमुना जि.एम.- सदस्य |
| ४.- | - | शिवा गिरी- सदस्य |
| ५.- | - | टेक बहादुर खत्री- सदस्य |

CamScanner

**प्रस्ताव नं. ४ आ.व. २०८२/८३ को दररेट सम्बन्धमा।**
**निर्णय नं. ४**

प्रस्ताव नं ३ माथि व्यापक छलफल गरी यस झिमरुक गाउँपालिकाको आ.व. २०८२/८३ को लागि बस्तु,सेवा तथा निर्माण कार्यको दररेट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिमको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट नै झिमरुक गाउँपालिकाको दररेटको रुपमा मान्यता दिने प्रस्ताव गाउँसभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ५ न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।**
**निर्णय नं. ५**

प्रस्ताव नं ५ माथि व्यापक छलफल गरी यस झिमरुक गाउँपालिका न्यायिक समितिको आ.व. २०८१/८२ को साउनदेखि असार ५ गतेसम्म न्यायिक समितिमा दर्ता हुन आएका मुद्दाहरुको तपसिल वमोजिम विवरण सहितको प्रतिवेदन स्वीकृत गरी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>उजुरी दर्ता तथा फछ्यौट विवरण</u>

| क्र.सं. | उजुरीका प्रकार | जम्मा उजुरी संख्या | उजुरी फछ्यौट संख्या | बाँकी |
|---|---|---|---|---|
| १ | घरेलु हिंसा | ६ | ४ | २ |
| २ | लेनदेन | १३ | ४ | ९ |
| ३ | साँध सिमाना | ४ | ३ | १ |
| ४ | अंश | २ | २ | ० |
| ५ | गाली व्यइज्यती | ५ | ३ | २ |
| ६ | सम्वन्ध विच्छेद | ५ | ५ | ० |
| ७ | ज्याला मजदुरी नदिएको | १ | ० | १ |
| ८ | अरुलाइ असरपर्ने गरी रुख विरुवा लगाएको | २ | २ | ० |
| ९ | माना चामल | १ | ० | १ |
| १० | सिचाइ कुलो विवाद | १ | १ | ० |
| | जम्मा | ४० | २४ | १६ |

**प्रस्ताव नं.६ गाउँ कार्यपालिकाका वैठक अनुमोदन तथा समर्थन सम्बन्धमा।**
**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथि व्यापक छलफल गर्दा मिति २०८१/१०/३ गते वसेको आ.व. २०८१/८२ को नवौं वैठकदेखि मिति २०८२/३/६ गतेसम्म बसेको आ.व. २०८१/८२ को १५ औं वैठकसम्म झिमरुक गाउँ कार्यपालिकाले गरेका निर्णयहरु अनुमोदन तथा समर्थनको लागि गाउँसभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.७ गाउँसभामा पेश गर्ने कार्य सूची सम्बन्धमा।**
**निर्णय नं. ७**

प्रस्ताव नं ७ माथि व्यापक छलफल गर्दा मिति २०८२ साल असार ७ र १० गते दिउसो २:०० बजे बस्ने झिमरुक गाउँपालिकाको १८ औं गाउँ सभामा तपसिल बमोजिमको कार्यसूची र प्रस्तुतकर्ता तय गर्ने सर्वसम्मत निर्णय गरियो

**२०८२/३/७ गतेको झिमरुक गाउँपालिकाको गाउँ सभाको १८ औं अधिवेशनको पहिलो बैठकका कार्यसूचीहरु**

| क.स. | मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम |
|---|---|---|---|---|
| १ | २०८२/३/७ गते शनिबार | दिउसो २:०० बजे | अध्यक्षले गाउँ सभाको १८ औं अधिवेशन आह्वान गरेको पत्रको बेहोरा सभामा बाचन गरेर जानकारी गराउने | सभा अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्री |
| २ | | | शुभकामना मन्तव्य | सभाका सदस्य श्री रण बहादुर खड्का |
| ३ | | | आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम पेश/छलफल/पारित | सभा अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्री |
| ४ | | | सभाका समिति गठन सम्वन्धी नियमावली, मस्यौदा,२०८२ पेश/छलफल/पारित | विधेयक समिति संयोजक श्री दधिराम पोखेल |
| ५ | | | सभाका समिति गठन सम्वन्धी प्रस्ताव पेश/छलफल/पारित | सामाजिक विकास समिति संयोजक श्री तुलस बहादुर बस्नेत |
| ६ | | | आ.व. २०८२/८३ को दररेट सम्वन्धमा | आर्थिक विकास समिति संयोजक श्री कृष्ण बहादुर जि.सी. |
| ७ | | | गाउँ कार्यपालिका वैठकका निर्णयहरु अनुमोदन सम्वन्धमा । | विधेयक समिति सदस्य श्री संगीता परियार |
| ८ | | | न्यायीक समितिको प्रतिवेदन पारित सम्वन्धमा । | न्यायिक समिति सदस्य श्री सिताराम पोखेल |
| ९ | | | संघ संस्थाका कार्यक्रम समावेश सम्वन्धमा । | सुशासन तथा संस्थागत विकास समिति संयोजक श्री धन बहादुर पुन |

**२०८२/३/१० गतेको झिमरुक गाउँपालिकाको गाउँ सभाको १८ औं अधिवेशनको दोस्रो बैठकका कार्यसूचीहरु**

| क.स. | मिति | वैठक वस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्ततकर्ताको नाम |
|---|---|---|---|---|
| १ | २०८२/३/१० गते मंगलबार | दिउसो २:०० बजे | आ.व. २०८२/८३ को बजेट वक्तव्य तथा आय व्यय विवरण (वार्षिक बजेट) पेश /छलफल/पारित सम्वन्धमा । | न्यायिक समिति संयोजक एवंउपाध्यक्ष श्री प्रमोद पोखेल |
| २ | | | विनियोजन विधेयक, २०८२ पेश/छलफल/पारित | पूर्वाधार विकास समितिका संयोजक श्री ध्रुवराज खनाल |
| ३ | | | आर्थिक विधेयक, २०८२ पेश/छलफल/पारित | सामाजिक विकास समितिका सदस्य श्री कृष्ण प्रसाद पोखेल |
| ४ | | | बेरुजु फछ्यौट सम्वन्धमा । | विधेयक समितिका सदस्य श्री मिन बहादुर खत्री |
| ५ | | | भेरिएसन सम्बन्धमा । | सामाजिक विकास समिति सदस्य श्री चोप बहादुर वि.क. |

**प्रस्ताव नं. ८ शल्यक्रिया शिविर सञ्चालनमा भएको खर्च व्यवस्थापन सम्वन्धमा ।**
**निर्णय नं. ८**
प्रस्ताव नं. ८ माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा बसोवास गर्ने महिलाहरुको पाठेघर आङ खस्ने समस्याको प्युठान अस्पताल, विजुवार,प्युठानमा शल्यक्रिया हुँदा भएको यातायात, खाना, खाजा लगायत खर्च व्यवस्थापन गर्दा भएको खर्च रु ७५,५२२। पारिश्रमिक कर्मचारी शीर्षकबाट रकमान्तर गरी भुक्तानीको प्रक्रिया अगाडि बढाउन सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ हरियाली सिंचाई कुलो मर्मत सम्वन्धमा ।**
**निर्णय नं. ९**
प्रस्ताव नं. ९ माथि छलफल गर्दा बाग्दुला मच्छी सडक स्तरउन्नती कार्य अन्तर्गत (बतासेडाँडा-मच्छी) खण्डको बतासेडाँडा खण्डमा सडक स्तरउन्नती गर्दा झिमरुक गा.पा. वडा नं. ६, कुटिचौर क्षेत्र र प्युठान न.पा. वडा नं. ९ र १० गुरीगाँउ, खरिवोट क्षेत्रको २५०० हेक्टर जमिनमा हुने हरियाली सिंचाई कुलोमा भएको क्षेति निर्माण व्यवसायिले BOQ मा उल्लेख भएको परिणाम अनुसार मर्मत कार्य सम्पन्न गरी गाउँपालिकामा निवेदन पेस गरेको र सडक स्तरउन्नती गर्दै जाँदा कुटिचौर दारेगौडा खण्डमा पुग्दा पुन: हरियाली सिंचाई कुलोको मुहान क्षेत्रमा क्षेति भएको हुँदा तत्काल मर्मत गर्नुपर्ने अवस्था भएकोले प्राविधिक लागत स्टमेट अनुसार मर्मतको लागि **बाग्दुला मच्छी सडक स्तरउन्नती शीर्षकबाट** रु ५,५०,०००। रकम रकमान्तर गरी हरियाली कुलो सिंचाई आयोजना जलउपभोक्ता समिति,प्यु.न.पा-९,गुरीगाउँ मार्फत मर्मत कार्य अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० सडक मर्मत संभारकर्ता (लेन्थवर्कर) व्यवस्थापन सम्वन्धमा ।**
**निर्णय नं.१०**
प्रस्ताव नं. १० माथि छलफल गर्दा झिमरुक गाउँपालिकाका ८ बटै वडा अन्तर्गत रहेका मुख्य सडकहरु समय, समयमा खाल्डा खुल्टी पर्ने, पानीको भल सडकमा आउने, नाली वन्द हुने, स-साना पहिरो गई दैनिक आवागमन समतेमा असर पर्ने भएको हुँदा ति सडकहरु मर्मत संम्भार गरी रहनको निम्ति आ.व. २०८२/८३ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फको आ.व.२०८२/८३ को संघीय सर्शतबाट प्राप्त भएको वजेट रकमबाट कार्यविधि तयार गरी गाउँपालिकास्तरका मुख्य सडकहरुमा सडक मर्मत संभारकर्ता (लेन्थवर्कर) व्यवस्थापन गरी काममा लगाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ पोषण कार्यक्रमको अनुदान वितरणको लागि बस्ती छनोट गर्ने सम्वन्धमा ।**
**निर्णय नं.११**
प्रस्ताव नं. ११ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१७ मिति २०८२/३/२ गतेको पत्रबाट बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट खर्च रकम निकासा भएको उक्त कार्यक्रमबाट तपसिल वमोजिमका बस्ती छनोट गरी बहुक्षेत्रीय पोषण कार्यक्रमका सञ्चालन गर्न वहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०८२/३/६ गतेको बैठकबाट सिफारिस भै आएको हुँदा उल्लिखित बस्तीमा कार्यक्रम सञ्चालन गर्न सर्वसम्मत स्वीकृत गरियो ।

CS CamScanner

तपशिल

१.त्रिवेणी गाउँपालिका वडा नं. ५ को धुंगे र चिचिपरडे बस्ती

बहुक्षेत्रीय पोषण योजनाको आ. व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम तथा योजना विवरण

| क. सं | विषयगत क्षेत्र | शीर्षक | क्रियाकलापहरु | इकाई | प्रति इकाई मुल्य | जम्मा रकम | स्रोत नेपाल सरकार/युरोपियन युनियन |
|---|---|---|---|---|---|---|---|
| (क) | शासकीय प्रबन्ध क्षेत्र | पोषण संवेदनशील (खानेपानी तथा सरसफाई, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रबन्ध क्षेत्रका कार्यक्रमहरु सञ्चालन) | १. पोषण सहजकर्ताको लागि पारिश्रमिक,चाडपर्व खर्च एक महिना बराबरको रकम र पोशाक एकमुष्ठ रु. १०,०००। | १३ महिना | २५,०००। | ३,३५,०००। | युरोपियन युनियन ३नेपाल /०००,००,,३५सरकार ००० |
| (ख) | स्वास्थ्य क्षेत्र | पोषण विशेष स्वास्थ्य क्षेत्रको कार्यक्रम सञ्चालन | पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन | | | १००,,०००। | युरोपियन युनियन |
| (ग) | महिला तथा बालबालिका क्षेत्र | पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | १.विपन्न समुदायका महिला तथा सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारको लागि आयआर्जन कार्यक्रम सञ्चालनका लागि अनुदान | २८ | २५,०००। | ७,००,०००। | युरोपियन युनियन |
| | सर्व जम्मा | | | | | ११,३५,०००। | |

**प्रस्ताव नं. १२ शिक्षा नीति र आवधिक शिक्षा योजना सम्बन्धमा ।**

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा त्रिवेणी गाउँपालिकाको शिक्षा नीति र आवधिक योजना तयारीको लागि गठन भएको कार्यदलबाट शिक्षा नीति र आवधिक योजनाको मस्यौदा तयार गरी पेश गरेकोमा मिति २०८२/३/५ गते बसेको गाउँशिक्षा समितिको बैठकबाट सिफारिस भए अनुसार शिक्षा नीति तथा आवधिक शिक्षा योजना सर्वसम्मत स्वीकृत गरियो । साथै शिक्षा क्षेत्रको समग्र विकासको लागि उक्त शिक्षा नीति तथा आवधिक शिक्षा योजना अनुसार शैक्षिक गतिविधीहरु अनुसरण गर्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ खानेपानी आयोजनाको जनश्रमको रकम सम्बन्धमा ।**

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा त्रिवेणी गाउँपालिका वडा नं.८ को गच्छी बस्तिको खानेपानी आयोजनाको कार्य खानेपानी तथा सरसफाई डिभिजन,कार्यालय, बिजुवार, प्युठान मार्फत भएकोले सो कार्यालय मार्फत जनश्रमको रकम व्यवस्थापन गर्न जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ स्रोतको सुनिश्चितता सम्बन्धमा ।**

**निर्णय नं.१४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ मा गौमुखी बहुमुखी क्याम्पस झिमरुक-५,मच्छी,प्युठानको लागि गौमुखी बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको भर्ना र मासिक शुल्क र शिक्षक व्यवस्थापन बापत रु २८,५१,१५९। विनियोजन भएकोमा उक्त क्याम्पसको अन्य आन्तरिक स्रोत विश्व विद्यालय अनुदान आयोगबाट प्राप्त हुने रकमको अवस्था, विद्यार्थी भर्ना, परीक्षामा सहभागी विद्यार्थीहरुको संख्या र क्याम्पसको आवश्यकको आधारमा शिक्षा क्षेत्रमा चालु अनुदान शीर्षकमा वचत हुने रकम रु ८,२१,४९५। स्रोतको सुनिश्चितता गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १५ विभिन्न संघ संस्थाका कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं १५**

प्रस्ताव नं १५ माथि छलफल गर्दा आ.व. २०८२/८३ मा विभिन्न कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्न तपसिल वमोजिमका संघ संस्थाहरुले गाउँ सभावाट पारितको लागि पेस भएका कार्यक्रम तथा बजेट माथि छलफल गरी तपसिल वमोजिमका संघ संस्थाको आ.व.२०८२/८३ का कार्यक्रम तथा आयोजनाहरु र सम्वन्धित बजेट विवरण पारितको लागि गाउँसभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो । साथै झिमरुक गाउँपालिका क्षेत्रभित्र विभिन्न कार्यालय, संघ, संस्था तथा निकायहरुले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरु झिमरुक गाउँपालिकाको कार्यालयसँग अनिवार्य रुपमा समन्वय गरी अगाडि बढाउन जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | संस्थाको नाम | कार्यक्रमको नाम | रकम रु |
|---|---|---|---|
| १ | आईपास नेपाल (Ipas Nepal) | यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार, लैगिंक हिंसा,न्यूनीकरण र जलबायु परिवर्तन सम्वन्धी सचेतिकरण कार्यक्रमतर्फ | ४,६५,१५१। |
| | | स्वास्थ्य संस्था सबलिकरण तथा स्वास्थ्य कर्मी क्षमता विकास तालिम कार्यक्रमतर्फ | ४,०५,४००। |
| | | जलबायु परिवर्तन अनुकुलन तथा स्थानीय जलबायु परिर्वतन अनुकुलन योजना निर्माणतर्फ | ३,२१,०७५। |
| | | जम्मा | ११,९१,६२६। |
| २ | जि.आई.जेट. (GIZ) | जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय GIZ को द्विपक्षीय सहयोगमा सामाजिक स्वास्थ्य सुरक्षा, स्वास्थ्य क्षेत्र सुशासन तथा व्यवस्थापन, डिजिटल स्वास्थ्य, स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी संस्थागत क्षमता विकास परियोजना सञ्चालनका लागि | ७०,२८,९५०। |

**प्रस्ताव नं. १६ बेरुजु फछ्र्यौंट सम्वन्धमा**

**निर्णय नं.१६**

प्रस्ताव नं १६ माथि व्यापक छलफल गरी यस झिमरुक गाउँपालिकाको आ.व. २०७४/७५ देखि २०८०/८१ को महालेखा परीक्षकको कार्यालयवाट भएको लेखापरीक्षणमा औल्याएका वेरुजुहरु मध्ये नियमित गर्नुपर्ने बेरुजु रु ६,६८,९७,१०९। सरकारी हानि नोक्सानी नभएको र भविष्यमा यस्ता बेरुजु दोहोरिन नदिने तर्फ आवश्यक पहल गरिने हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ४० अनुसार गाउँसभाबाट फछ्र्यौंट तथा फरफारक गर्न गठित हुने लेखा समितिबाट दफावार छलफल गराई गाउँ सभामा फछ्र्यौंटका लागि पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

१७. विविध सम्वन्धमा ।

विविध (क) भेरिएसन सम्वन्धमा ।

निर्णय नं. १७ (क)

प्रस्ताव नं १७ (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाले आ.व.२०८१/८२ मा बाग्दुला मच्छी सडक स्तरउन्नती अन्तर्गत (बतासेडाँडा-मच्छी) upgrading of Bagdula Machchhi Road. (Batase Dada - Machchhi Section) लागि बजेट बिनियोजन गरी उक्त सडक निर्माणको लागि ठेक्का मार्फत झिमरुक गाउँपालिकाको कार्यालय र कार्की-अमृत. जे.भी. रम्भा -५. पाल्पा बिच सम्झौता भई निर्माण कार्यको लागि मिति २०८१/१०/०८ मा भएको सम्झौता तथा मिति २०८१/१०/०८ को कायदिश अनुसार निर्माण कार्य अगाडि बढेकोमा सुरु सम्झौताको BOQ भन्दा केही आइटमहरु थप घट गर्नु पर्ने भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार Variation Order जारी गरी निर्माण कार्य अगाडि बढाउनु पर्ने देखिएको हुँदा Variation Order को लागि स्वीकृत गर्ने निर्णय गरियो । साथै गाउँ सभा बैठकबाट पारितको लागि सभाको बैठकमा पेस गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | आइटम नं | विवरण | पहिलेको BOQ को परिमाण | VO को परिमाण | थप गरिएको परिमाण | इकाइ |
|---|---|---|---|---|---|---|
| १ | 6.A | Backfilling with material obtain from site excavation, providing laying, spreading, levelling with site cutting material and compact as per drawing and technical specification (माटोले पुरी लेवलिङ्ग गर्ने काम ) | १४९८.४३ | २२३२.३४ | ७३३.९१ | घ.मि |
| २ | 7.A | transportation and disposal of excavated soil at sutible area.(खनेको माटो ढुवानी गरी उपयुक्त ठाउँमा राख्ने काम ) | १३४९९.४९ | ४०७४७.२६ | २७२४७.७७ | घ.मि |
| ३ | 16.A | Providing and filling boulder/stone in gabion box/matteress including dressing beeding bonding all complete as per drawing and technical specification.(ग्याविन जालिको बक्समा ढुंगा भर्ने काम ) | ३५४.०० | ६१५.०० | २६१.०० | घ.मि |

विविध (ख) भूमी समस्या समाधान आयोग,ताहचल काठमाडौंको ३५ दिने सूचना सम्वन्धमा ।

निर्णय नं. १७ ( ख )

प्रस्ताव नं. १७ (ख) माथि छलफल गर्दा भूमि समस्या समाधान आयोग तहाचल, काठमाडौंको मिति २०८२/०२/२९ गतेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित रुपमा वसोवास गरेका व्यक्तिहरुको लगत संकलन सम्बन्धी सूचना वमोजिम झिमरुक गाउँपालिका क्षेत्रभित्र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी अव्यवस्थित रुपमा वसोवास गरेका कुनै घरपरिवारहरुको विवरण छुट हुन गएको भए पुन: विवरण संकलन गरी यथासिघ्र झिमरुक गाउँपालिकामा पठाउन वडा कार्यालयहरुलाई जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

विविध (ग) स्थानीय पाठ्यपुस्तकमा अपुग रकम सम्वन्धमा ।

निर्णय नं. १७ ( ग )

प्रस्ताव नं. १७ (ग) माथि छलफल गर्दा स्थानीय पाठ्यपुस्तक **हाम्रो झिमरुक** निर्माणको क्रममा पाठ्यपुस्तकमा थप सुधारका लागि पाठ्यपुस्तक निर्माण कार्यदलबाट भएको बैठक, खाना, खाजा लगायतको खर्च भुक्तानीको लागि रकम अपुग भएको हुँदा प्र.अ.बैठक सञ्चालन तथा व्यवस्थापन खर्चबाट रु ९०,०००। रकम रकमान्तर गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

**विविध (घ) शिक्षा तर्फका पुरस्कार वितरण सम्वन्धमा ।**
**निर्णय नं. १७ ( घ )**
प्रस्ताव नं. १७ (घ) माथि छलफल गर्दा झिमरुक गाउँ शिक्षा समितिको मिति २०८२ साल जेठ महिनाको ४ गतेका दिन बसेको बैठकको निर्णय तथा सिफारिस अनुसार शैक्षिक सत्र, २०८० को विद्यालयगत, प्रथम, द्वितीय र तृतीय हुने विद्यालयहरुलाई पुरस्कृत गर्ने तथा स्थान दोहोरिएका विद्यार्थी र ऐच्छिक विषयहरुमा २ विषय भन्दा बढि विषयमा प्रतिस्पर्धा गरी उत्कृष्ट हुने शिक्षकहरुलाई कार्यपालिकाले निर्धारण गरेको दरमा विनियोजित बजेटको सीमाभित्र रही पुरस्कृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ङ) तल्लो कौछेटारी सिंचाई कुलो मर्मत सम्वन्धमा ।**
**निर्णय नं. १७ ( ङ )**
प्रस्ताव नं. १७ (ङ) माथि छलफल गर्दा झिमरुक-४ को बाङ्गे बौडा जाने मोटरबाटो स्तरउन्नती गर्ने क्रममा झिमरुक गाउँपालिका वडा नं. ४ को तल्लो कौछेटारी सिंचाई कुलोमा क्षेतिहुन पुगेका कारण खेतियोग्य जमिन बाझो रहने अवस्था रहेकोले तत्काल मर्मत गर्न **बाग्दुला मच्छी सडक स्तरउन्नती शीर्षकबाट** रु २५,०००। रकमान्तर गरी नियमानुसार मर्मत कार्य अगाडि वढाउने गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध (च) प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि म्याचिङ्ग रकम सम्वन्धमा ।**
**निर्णय नं. १७ ( च )**
प्रस्ताव नं. १७ (च) माथि छलफल गर्दा आ.व. २०८१/८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुमा म्याचिङ्ग गरी कार्यक्रम सञ्चालन गर्न रु ५,००,०००। रकम विनियोजन गरिएकोमा झिमरुक गाउँपालिका वडा नं. ८ भ्यूपार्क दिहाल्ना र यज्ञशाला परिसर बालुवामा भौतिक पूर्वाधार निर्माणको नियमानुसार उपभोक्ता समिति गठन गरी कार्य प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (छ) झिमरुक गाउँपालिकाका भित्रका विभिन्न मोटरबाटो मर्मत सम्वन्धमा ।**
**निर्णय नं. १७ ( छ )**
प्रस्ताव नं. १७ (छ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नेपाल सरकार समानिकरण अनुदान बजेट शीर्षक नं. ३१५११ मा झिमरुक गाउँपालिका भित्रका विभिन्न मोटरबाटो मर्मत शीर्षकमा रु १०,००,०००। विनियोजन गरिएकोमा वडा नं. ४ र ८ का विभिन्न मोटरबाटो मर्मतको लागि रु ५/५ लाख रकम उपलब्ध गराउने निर्णय गरियो । साथै आ.व. २०८१/८२ मा गाउँपालिकाको ब्याक हो लोडर प्रयोग गरी विभिन्न मोटरबाटाहरु मर्मत गर्दा भएको खर्च विभिन्न वडाहरुकाट प्राप्त विवरणका आधारमा भुक्तानी दिन रकम अपुग देखिएकोले बाग्दुला मच्छी सडक स्तरउन्नती शीर्षकमा विनियोजन भएको रकमबाट रु ३३,००,०००। रकमान्तर गरी भुक्तानी दिने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ज) प्रदेश समपुरकतर्फका आयोजना सम्वन्धमा ।**
**निर्णय नं. १७ ( ज )**
प्रस्ताव नं. १७ (ज) माथि छलफल गर्दा आ.व. २०८१/८२ को लागि लुम्बिनी प्रदेश सरकारबाट समपुरक आयोजनाहरुको रुपमा छनोट भई रकम विनियोजन भएका तपसिल बमोजिमका आयोजनाहरु ठेक्का मार्फत कार्यान्वयनको प्रक्रिया अगाडि वढाईएकोमा निर्माण व्यवसायिहरुले विभिन्न कारण खुलाई समयमा नै कार्य सम्पन्न गर्न नसक्ने भएकोले म्याद थप गरी पाउँ भनी पेस गरेको निवेदन माथि पूर्वाधार विकास तथा भवन नियमन शाखाबाट आयोजनाहरु अलपत्र पर्नुको कारण सहित पेस भएको टिप्पणी समेतलाई अध्ययन गर्दा उल्लिखित आयोजनाहरु प्रदेश समपुरक आयोजनाहरु भएको, सम्झौताको म्यादभित्र भएको काम सार्वजनिक

CS CamScanner

उपयोगमा आउन सक्ने, सरकारी हानी नोक्सानी नभएको, योजनाहरुको म्याद थप गर्दा प्रदेश सरकारको दायित्व समेत स्थानीय तहले बेहोर्नु पर्ने हुँदा निवेदकहरुको माग वमोजिम म्याद थप गरेर मोटरबाटो अलपत्र हुने अवस्था सिर्जना गर्नु भन्दा आ.व. २०८२/८३ मा स्रोतको सुनिश्चितता गरी गाउँपालिकाबाट नै निर्माण कार्य अगाडि बढाउदा गाउँपालिकाको हित हुने ठहर गरी सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ (४) तथा सार्वजिनकि खरिद नियमावली, २०६४ को नियम १२७ वमोजिम सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गरी म्याद भित्र भएको कामको प्राविधिक मूल्याङ्कन बमोजिमको रकम मात्र भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | आयोजनाहरुको नाम र ठेगाना | ठेक्का नं. | निर्माण कम्पनीको नाम |
|---|---|---|---|
| १. | बालुवा बडाचौर चिफ्लेटी काउलेफेदी मोटरबाटो स्तरउन्नती झिमरुक-१ र २ | JRM/NCBWORKS/02/2081/082 | माता मल्लरानी निर्माण सेवा प्रा.लि. झिमरुक-१,सौतामारेफेदी, प्युठान |
| २ | नब्बे भेडावारी नारिकोट मोटरबाटो स्तरउन्नती झिमरुक-३ | JRM/NCBWORKS/01/2081/082 | साहिल कन्स्ट्रक्सन प्यु.न.पा.-९,प्युठान |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।